# सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति
२०७७।५।१८

संवत् २०७७ सालको ऐन नं. ८

## सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको संविधान बमोजिम नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता तथा स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, सर्वसुलभ, गुणस्तरीय तथा सर्वब्यापी पहुँच स्थापित गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अस्पताल” भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने प्रचलित कानुन बमोजिम स्थापना भएका सरकारी, गैरसरकारी, निजी, सहकारी, सामुदायिक अस्पताल वा नर्सिङ्ग होम र शिक्षण अस्पताल सम्झनु पर्छ ।

(ख) “आकस्मिक स्वास्थ्य सेवा” भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेको व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न वा अंग गुम्नबाट बच्न आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवालाई सम्झनु पर्छ ।

(ग) “आकस्मिक प्रसूति सेवा” भन्नाले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी पश्चातको अवस्थामा हुने जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुन सक्ने सेवा सम्झनु पर्छ ।

(घ) “आधारभूत स्वास्थ्य सेवा” भन्नाले तोकिएको आधारभूत स्वास्थ्य सेवा प्याकेजमा उल्लेख भएका प्रदेशबाट निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ङ) “आयुर्वेद औषधि” भन्नाले आयुर्वेद प्रणालीबाट तयार गरिएको औषधि सम्झनु पर्छ ।

(च) “गर्भपतन” भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रूपमा जन्मन सक्ने भन्दा अगावै गर्भाशयबाट भ्रुण बाहिर निष्कने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(छ) “चिकित्सक” भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सकको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमन नियमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(झ) “जोखिमयुक्त क्षेत्र” भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रासायनिक, जैविक, जलवायु परिवर्तनजन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्य क्षेत्रलाई सम्झनु पर्दछ र सो शब्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीहरूलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्‌मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "सामुदायिक स्वास्थ्य प्रवर्द्धक" भन्नाले स्वास्थ्य प्रवर्धन सम्बन्धी पैरवी, प्रवर्धनात्मक सेवा प्रवाह, स्वास्थ्य शिक्षा, व्यवस्थापन, नीति नियम निर्माण, अनुगमन तथा नियमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ण) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर, सोवारिग्पा (आम्ची) चिकित्सा लगायतका पद्धतिमा आधारित भई प्रदान गरिने, प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, र प्रशामक (प्यलिएटिभ) सेवा सम्झनु पर्छ ।

(त) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनु पर्छ ।

(द) "सेवा प्रदायक" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, स्वास्थ्य प्रवर्धनकर्मी, जनस्वास्थ्यकर्मी, स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्ति सम्झनु पर्छ।

(ध) "सुरक्षित गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी प्रदान गरिने सेवालाई सम्झनु पर्छ ।

(न) "विशेषज्ञ सेवा" सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ को दफा ५ बमोजिमको सेवा तथा नेपाल सरकारले नेपाल राजपत्रमा र प्रदेश सरकारले प्रदेश राजपत्रमा ऐन बमोजिम थप गरिएका विशेषज्ञ स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

(प) "विशिष्टीकृत सेवा" भन्नाले प्रदेश सरकारद्वारा सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ को दफा ६ बमोजिमको सेवा तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी र प्रदेश सरकारले प्रदेश राजपत्रमा ऐन बमोजिम थप गरिएका विशिष्टीकृत सेवालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा : (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध हुनेछ ।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचना, सन्देश, शिक्षा, परामर्श सेवा तथा उपचार र सो सम्बन्धी जानकारी उपलब्ध हुनेछ ।

(३) प्रत्येक नागरिकले देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ :-

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती प्रशव तथा सुत्केरी सेवा, पाठेघर (आङ खस्ने) स्वास्थ्य सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य लगायतका सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) नसर्ने रोग तथा शारीरिक अपाङ्गता/बिकलाङ्गता सम्बन्धी सेवा,

(घ) सरुवा रोग सम्बन्धी सेवा,

(ङ) स्वास्थ्य प्रवर्धन सेवा,

(च) मानसिक रोग सम्बन्धी सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक स्वास्थ्य सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा र

(ञ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट निःशुल्क रूपमा मन्त्रालयले उपलब्ध गराउनेछ ।

(५) प्रदेश सरकारले आवश्यकता बमोजिम निर्णय गरिएका आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ र थप गरिएका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(६) प्रत्येक नागरिकलाई प्रदेश सरकारको साधन, स्रोत तथा आवश्यकताका आधारमा थप गरिएका आधारभूत स्वास्थ्य सेवाहरू समेत तोकिए बमोजिमको स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह तथा अन्य व्यवस्थापन प्रक्रिया प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) स्थानीय तहले आफ्नो आवश्यकता तथा साधन स्रोतका आधारमा आधारभूत स्वास्थ्य सेवा थप तथा विस्तार गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम थप गरिएका आधारभूत स्वास्थ्य सेवाहरूको आर्थिक व्यय भारको व्यवस्थापन र सेवाहरूको विस्तृत विवरण सम्बन्धित स्थानीय तहले गर्नेछ ।

(१०) स्थानीय तहले प्रदेश अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूको साझेदारी र समन्वयमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न सक्नेछ ।

४. <u>आकस्मिक उपचार</u> : (१) प्रत्येक स्वास्थ्य संस्थाहरूले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अस्पताल तथा स्वास्थ्य संस्थामा उक्त बिरामीको उपचार सम्भव नहुने भएमा त्यहाँ उपलब्ध भएको आकस्मिक स्वास्थ्य सेवा तत्काल उपलब्ध गराइ थप उपचारको लागि तत्काल उक्त सेवा प्राप्त हुने अन्य अस्पतालमा प्रेषण गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम आकस्मिक उपचार गर्दा लाग्ने उपचार सम्बन्धी खर्च निजको स्वास्थ्य बिमा भएकोमा सोबाट र स्वास्थ्य बिमा नभएको भए वा स्वास्थ्य बिमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अविभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) प्रदेश सरकारले गरिब, बिपन्न तथा घर ठेगाना पत्ता नलागेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचारको व्यवस्था गर्न आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. विशेषज्ञ सेवा : (१) प्रदेश सरकारले सेवाको प्रकृति, भौगोलिक अवस्था तथा रोगको प्रकोप दरका आधारमा आवश्यकता अनुसार तोकिएका विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. विशिष्टीकृत सेवाः (१) प्रदेशको आवश्यकता तथा साधन श्रोतको उपलब्धताका आधारमा विशिष्टीकृत सेवा सञ्चालन गर्न सकिनेछ ।

(२) विशिष्टीकृत सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. प्रेषण (रेफरल) सेवा : (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका विरामीहरूलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचारको आवश्यकता भएको खण्डमा तत्काल उक्त सेवा प्राप्त हुने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(२) प्रेषण गरिएको स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षण तथा संरक्षणत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ ।

(३) प्रेषण सम्बन्धी व्यवस्था प्रभावकारी सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहबिच समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

(४) प्रेषण गर्दा सम्बन्धित स्वास्थ्य संस्थाले आफूसँग रहेका न्यूनतम स्वास्थ्य सम्बन्धी उपलब्ध सेवा तथा उपकरण सहित व्यवस्थित रूपमा प्रेषण गर्नु पर्नेछ ।

(५) प्रेषण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. समान व्यवहार गर्नुपर्ने : (१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको स्वास्थ्यको गाम्भीर्यताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकीकरण गर्नु पर्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले जातीय, भौगोलिक, धार्मिक, सामाजिक, आर्थिक, लैंगिक वा अन्य कुनै आधारमा भेदभाव गर्न गराउनु हुँदैन ।

९. पेसागत आचरण : स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्हरुले निर्धारण गरे बमोजिमको पेसागत आचरण पालन गर्नु पर्नेछ ।

१०. आवश्यक उपाय अवलम्बन गर्ने : (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानुनको अधीनमा रही कर्मचारीको सुरक्षा, रोगको संक्रमण रोक्ने तथा हुन नदिने वातावरण व्यवस्थित गर्न आवश्यक उपायको अवलम्बन गर्नु पर्नेछ।

(२) बिरामीको औषधि उपचार सम्बन्धी व्यक्तिगत स्वास्थ्य सरोकारका विषयमा अस्पताल, चिकित्सक तथा स्वास्थ्यकर्मीले गोपनीयता कायम गर्नु पर्नेछ ।

## परिच्छेद-३

## अनुमति, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था

११. स्वास्थ्य सेवा सञ्चालन अनुमति : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन ।

(२) अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृति, सेवा प्रवाह, जनसंख्या, भौगोलिक दुरी, पहुँच योग्य र शैय्या क्षमताको निर्धारण तोकिए बमोजिमको मापदण्ड अनुसार हुनेछ ।

(३) स्वास्थ्य संस्थामा वा स्वास्थ्य सम्बन्धी शिक्षण संस्थाले सेवा वा कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारले तोकिएको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

(४) प्रदेशभित्र निजी तथा गैरसरकारी स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम इजाजत पत्र लिई सञ्चालन गर्नु पर्नेछ ।

(५) मन्त्रालयले वा तोकेको निकायले अस्पताल, प्रयोगशाला, नर्सिङ्ग होम, पोलिक्लिनिक, क्लिनिक, औषधालय, औषधि तथा रसायन उद्योग लगायत स्वास्थ्य संस्थाहरूको नियमित रूपमा निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ ।

(६) मन्त्रालयले स्वास्थ्य सेवा प्रवाहको लागि प्रदेशले संघ, स्थानीय तह, निजी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक साझेदारी गर्न सक्नेछ ।

तर साझेदारीका सर्तहरू तोकिए बमोजिम हुनेछ ।

(७) स्वास्थ्य सेवा सञ्चालन अनुमति दर्ता, सञ्चालन, नवीकरण, स्तरोन्नति तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. खारेज भएको मानिने : दफा ११ बमोजिम इजाजतपत्र नलिई सञ्चालन गरेको र तोकिएको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ ।

१३. शुल्क सम्बन्धी व्यवस्था : (१) स्वास्थ्य संस्था स्थापना, विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको अन्य दस्तुर र नवीकरण दस्तुर तोकिए बमोजिमको निकायमा बुझाउनु पर्नेछ ।

(२) अस्पताल, प्रयोगशाला, नर्सिङ्ग होम लगायतका स्वास्थ्य संस्थाहरूको सेवा शुल्क निर्धारण गर्ने कार्य तोकिए बमोजिमको समितिले गर्नेछ ।

(३) सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालनमा रहेका अस्पतालहरूले विपन्न बिरामी नागरिक औषधि उपचार आर्थिक सहायता प्राप्त गरेका बिरामीहरूलाई तोकिए बमोजिम स्वास्थ्य परीक्षण तथा उपचार सेवा दिनु पर्नेछ।

१४. पूर्वाधार निर्माण आशयपत्र (लेटर अफ इन्टेन्ट) लिनुपर्ने : (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि आशयपत्र लिनु पर्नेछ ।

(२) पच्चीसभन्दा कम शैय्या सञ्चालन गर्ने अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(३) पच्चीसभन्दा बढी शैय्या सञ्चालन गर्ने अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समेत पेस गर्नु पर्नेछ ।

१५. सञ्चालन अनुमतिको लागि अनुगमन सम्बन्धी व्यवस्था : कुनै पनि अस्पताल तथा स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्ड पूरा गरे नगरेको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नु पर्नेछ ।

१६. पूर्वाधार सम्बन्धी मापदण्ड : अस्पतालले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ ।

१७. सञ्चालन अनुमति : (१) दफा ११ र १३ बमोजिमको कार्य सम्पन्न भएपछि दफा १४ बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी तोकिएको निकायमा निवेदन पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा मन्त्रालयले वा तोकिएको निकायले अनुगमन समितिलाई अनुगमन गर्न लगाउनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन समितिको प्रतिवेदनको आधार र यस ऐनमा उल्लिखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई तोकिएको ढाँचामा तोकिएको निकायबाट तोकिएको शुल्क लिई अनुमति दिन सक्नेछ।

१८. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने: स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ ।

१९. सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति प्राप्त गर्न निवेदन दिनुपर्नेः (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गर्ने प्रयोजनको लागि अनुमति लिनु पर्नेछ।

(२) अनुमति नलिई सञ्चालन गरेका र पूर्वाधार वा मापदण्ड पूरा नगरेकाको सेवा बन्द गरी कारबाही गरिनेछ।

(३) उपदफा (२) बमोजिम बन्द गरिएका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको मापदण्ड पूरा गरी सञ्चालन गर्न माग भएमा प्राविधिक समितिको अनुगमन पछिको सिफारिसको आधारमा सञ्चालनका लागि अनुमति दिइनेछ ।

२०. स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्नेः (१) मन्त्रालयले शैक्षिक संस्थासँग सहकार्य गरी विद्यालय स्वास्थ्य प्रवर्धन सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने विद्यालय स्वास्थ्य प्रवर्धन सेवाको प्रकृति र मापदण्डहरू मन्त्रालय तथा स्थानीय तहले तोके बमोजिम हुनेछ ।

(३) कुनै स्वास्थ्य संस्था, गैरसरकारी तथा निजी संस्थाले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट मापदण्ड पुऱ्याइ अनुमति लिई प्रवर्धनात्मक सेवा तथा घुम्ती शिविरहरूमार्फत् विशेषज्ञ स्वास्थ्य सेवाहरू सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया र मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

(५) घरघरमा दिइने स्वास्थ्य सेवा प्रदान गर्दा पूरा गर्नुपर्ने प्रक्रिया र मापदण्ड स्थानीय तहले तोके बमोजिम हुनेछ ।

२१. स्वास्थ्य संस्थाले गुणस्तर कायम गर्नुपर्ने : (१) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गर्ने कार्य संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पूरा भए नभएको सम्बन्धमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको अनुगमन र मूल्याङ्कन पछि सम्बन्धित निकायले दिएको निर्देशनको पालना गर्नु प्रत्येक स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

२२. मानव स्रोतको व्यवस्थापन र विकास : (१) प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको मानव स्रोतको उत्पादन, विकास, वितरण र उपयोग सम्बन्धी नीति एवम् मापदण्ड तयार गरी लागु गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड तोक्दा मानव स्रोतको विकास, उपयोगका विषयमा दीर्घकालीन, मध्यमकालीन र तत्कालीन आवश्यकताको विश्लेषण र नक्सांकन गरी जनशक्ति, प्रविधि, भौगोलिक अवस्था, जनसंख्या, विभिन्न स्वास्थ्य समस्याको अनुपातको प्रक्षेपणको आधारमा तोक्नु पर्नेछ।

(३) स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई थप प्रोत्साहनको लागि प्रोत्साहन भत्ता, तालिम, छात्रवृत्ति, स्वास्थ्य बिमा र वृत्ति विकासको व्यवस्था गरिनेछ ।

(४) चिकित्सक, स्वास्थ्य प्रवर्द्धक, नर्स लगायतका स्वास्थ्यकर्मी अभाव रहेको जनशक्ति व्यवस्थापनको लागि मन्त्रालयले प्रचलित कानुन बमोजिम मध्यमकालीन र तत्कालीन रूपमा भर्ना गर्न सक्नेछ ।

२३. <u>अस्पताल व्यवस्थापन समिति गठन</u> : प्रदेशमा सरकारी अस्पताल तथा सार्वजनिक अस्पताल, सरकारी निजी साझेदारीमा सञ्चालित अस्पतालको व्यवस्थापन तथा सञ्चालनको लागि तोकिए बमोजिम अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ ।

२४. <u>औषधिको प्रेस्क्रिप्सन र फार्मेसी सम्बन्धी व्यवस्था</u>: (१) चिकित्सक तथा अख्तियारी प्राप्त स्वास्थ्यकर्मीहरूले औषधि सिफारिस गर्नुपर्दा जेनेरिक नाममा लेख्नु पर्नेछ ।

(२) प्रत्येक सरकारी अस्पतालहरूले आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधि नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(३) औषधिको बिक्री तथा वितरण गर्न मान्यता प्राप्त स्वास्थ्यकर्मीबाट फार्मेसी सञ्चालन गर्नु पर्नेछ ।

(४) सरकारी तथा निजी फार्मेसीहरूको दर्ता सञ्चालन, निरीक्षण, अनुगमन, नियमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>विस्तारित स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने</u> : (१) स्वास्थ्य संस्थाले आफ्नो उपलब्ध साधन, स्रोत र जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीलाई त्यस्ता संस्थाले सो सेवा उपलब्ध गराए वापत अतिरिक्त भत्ता र अन्य सुविधा प्रदान गर्नु पर्नेछ ।

२६. <u>अन्यत्र सेवा गर्न नपाउने</u> :(१) सरकारी अस्पताल र स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले सम्बन्धित निकायले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन ।

(२) उपदफा (१) मा उल्लिखित समय बाहेकको समयमा कुनै चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीले अन्यत्र सेवा गर्न चाहेमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट स्वीकृति लिनु पर्नेछ ।

२७. <u>निजी अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन</u> : (१) सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको ३०० मिटरको वरिपरि दुरीभित्र अन्य निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, नर्सिङहोम, प्रयोगशाला लगायत स्वास्थ्य सम्बन्धित निजी व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम बन्देज गरिएका निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, नर्सिङहोम प्रयोगशालालाई स्थानान्तरण गर्नका लागि छ महिनाभित्र मापदण्ड बनाइ निश्चित समय दिइनेछ ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण गर्न तोकिएको समयभित्र स्थानान्तरण नगरेको खण्डमा मन्त्रालयले पचास हजार रुपैयाँसम्म जरिवाना गरी हटाउन सक्नेछ ।

२८. <u>स्वास्थ्य उपचार सहायता कोष स्थापना गर्न सक्ने</u>: (१) प्रदेश सरकारले आर्थिक रूपले विपन्न बिरामी नागरिक औषधि उपचार आर्थिक सहायताको तालिम स्वास्थ्य उपचार सहायता कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) वैदेशिक, गैरसरकारी र निजी संघ संस्थाबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको बैदेशिक सहायता रकम प्राप्त गर्दा नेपाल सरकारको अनुमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. <u>अनुगमन सम्बन्धी व्यवस्था</u> : (१) स्वास्थ्य सेवा प्रदायक सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरू (अस्पताल, नर्सिङहोम, क्लिनिक, पोलिक्लिनिक, प्रयोगशाला, फार्मेसी लगायत) मा तोकिए बमोजिम कार्य भए नभएको यकिन गर्न नियमित रूपमा अनुगमन, निरीक्षण तथा नियमन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण तथा नियमन गर्दा तोकिएको गुणस्तर वा मापदण्ड पूरा नगरी सेवा सञ्चालन गरेको पाइएमा त्यस्तो व्यवसायी तथा संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको अवधि दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र सुधार नगरेमा, गुणस्तरीय सेवा प्रवाह नगरेमा वा नियमित रूपमा पेस गर्नु पर्ने आवश्यक प्रतिवेदन पेस नगरेमा त्यस्तो स्वास्थ्य संस्था तथा व्यवसायीलाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न आदेश दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम बन्द गर्न आदेश दिनु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

३०. <u>स्वास्थ्य संस्था गाभिन सक्ने</u> : प्रदेशभित्र सञ्चालनमा रहेका दुई वा दुईभन्दा बढी स्वास्थ्य संस्था एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका सर्तहरू पूरा गरी सञ्चालन अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्थाहरूले सम्बन्धित निकायमा संयुक्त रूपमा निवेदन दिन सक्नेछन् ।

३१. <u>स्वास्थ्य शिक्षण संस्था सञ्चालन</u> : प्रदेशभित्र सञ्चालन गरिने स्वास्थ्य शिक्षण संस्थाहरूको स्थापना, सञ्चालन र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>प्रदेश स्वास्थ्य समिति सम्बन्धी व्यवस्था</u>

३२. <u>प्रदेश स्वास्थ्य समिति गठन</u> : (१) यस ऐनमा व्यवस्था भए बमोजिमका स्वास्थ्य सम्बन्धी काम कारवाहीलाई प्रभावकारी गराउनको लागि नीतिगत रूपमा सल्लाह दिन र ऐनको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न प्रदेश स्वास्थ्य समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्यमन्त्री वा सहायक मन्त्री, मन्त्रालय | सह-अध्यक्ष |
| (ग) | सदस्य, प्रदेश योजना आयोग (स्वास्थ्य सम्बन्धी विषय हेर्ने) | सदस्य |
| (घ) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सदस्य |
| (च) | सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| (छ) | सचिव, मन्त्रालय | सदस्य |
| (ज) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |

| | | |
|---|---|---|
| (झ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ञ) | सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ट) | निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य |
| (ठ) | प्रमुख, मेडिकल सुपरिटेन्डेन्ट, सेती प्रादेशिक अस्पताल | सदस्य |
| (ड) | स्वास्थ्य क्षेत्रका विज्ञहरू मध्येबाट अध्यक्षले मनोनीत गरेका एकजना | सदस्य |
| (ढ) | सहकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाका सञ्चालक मध्येबाट अध्यक्षले मनोनीत गरेका दुई जना | सदस्य |
| (ण) | प्रदेश स्वास्थ्य प्रतिष्ठान/मेडिकल कलेज वा स्वास्थ्यसँग सम्बन्धित परिषद्हरूबाट अध्यक्षले मनोनीत गरेका एक जना | सदस्य |
| (त) | जिल्ला समन्वय समिति, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका प्रमुख वा उपप्रमुखहरू मध्येबाट एक जना महिलासहित समावेशीको आधारमा अध्यक्षले मनोनीत गरेका तीन जना | सदस्य |
| (थ) | स्वास्थ्यसँग सम्बन्धित पेसागत संघ संस्थाका अध्यक्ष मध्येबाट एक जना महिलासहित अध्यक्षले मनोनीत गरेका तीन जना | सदस्य |
| (द) | उपभोक्ता हित संरक्षण तथा सरोकारवाला मध्येबाट मन्त्रालयबाट अध्यक्षले मनोनीत गरेका एक जना | सदस्य |
| (ध) | प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय | सदस्य |
| (न) | प्रमुख, नीति, कानुन, मापदण्ड योजना तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठित समितिका अध्यक्षद्वारा मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) समितिका पदाधिकारीले नियमानुसार बैठक भत्ता पाउने छन् ।

(५) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि आफैले बनाउन सक्नेछ।

(६) आवश्यकता अनुसार बैठकमा अन्य विज्ञलाई बोलाउन सकिनेछ ।

(७) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नु पर्नेछ ।

(८) समितिको दैनिक कार्य सम्पादन सम्बन्धी कार्य गर्नका लागि मन्त्रालयको नीति, कानुन, मापदण्ड योजना तथा जनस्वास्थ्य महाशाखाले सचिवालयको कार्य गर्नेछ।

३३. <u>समितिको काम कर्तव्य र अधिकार</u> : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्बन्धी बहुपक्षीय नीति योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने,

(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने,

(घ) स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, राष्ट्रियस्तरका सम्झौता तथा प्रतिवद्धताहरूको कार्यान्वयनका लागि सुझाव दिने,

(ङ) विदेशी अन्तर्राष्ट्रिय वा गैरसरकारी संघ संस्थाहरूबाट प्राविधिक वा वित्तीय सहयोग प्राप्त गर्ने सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्ने,

(च) गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा बनाउन, दिगो विकासका लागि सुधार गर्न तथा समग्र स्वास्थ्य प्रवर्धन गर्न आवश्यक समन्वय तथा सुझाव दिने,

(छ) विभिन्न प्रयोजनका लागि प्रयोग हुने विषादीको नियन्त्रण, सडक तथा यातायातजन्य दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति निर्माण र व्यवसायजन्य स्वास्थ्य सम्बन्धित मापदण्ड तयार गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ज) स्थानीय तह तथा विद्यालयमा प्राथमिक उपचार, आयुर्वेद, योग, नर्सिङ सेवा लगायत वैकल्पिक चिकित्सा तथा स्वास्थ्य प्रवर्धन संस्थागत गर्न स्वास्थ्य प्रवर्धनकर्मी तथा स्वास्थ्यकर्मीको व्यवस्थाका सम्बन्धमा आवश्यक नीतिगत सुझाव दिने,

(झ) स्वास्थ्यसँग सम्बन्धित अन्य कुनै आवश्यक विषयमा सुझाव प्रस्तुत गर्न आवश्यकता अनुसार मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न परामर्श दिने,

(ञ) आवश्यकता अनुसार उपसमिति गठन गर्ने र विज्ञ आमन्त्रण गरी कार्य गर्ने गराउने,

(ट) प्रदेश सरकारका सबै नीतिहरूमा स्वास्थ्य नीति अवलम्बन गर्न पैरवी गर्ने,

(ठ) प्रदेश सरकारले तोकेको अन्य कार्यहरू गर्ने ।

३४. <u>स्वास्थ्य सल्लाहकार समिति गठन</u>ः (१) प्रदेशको समग्र स्वास्थ्य सेवा सम्बन्धी नीति, नियम, कार्यक्रम तथा योजनाहरूमा आवश्यक राय सल्लाहको लागि विज्ञ सहितको स्वास्थ्य सल्लाहकार समिति मन्त्रालयले गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले तोकिए बमोजिमको बैठक भत्ता बाहेक अन्य सेवा सुविधा पाउने छैनन् ।

३५. <u>स्वास्थ्य प्राविधिक समितिको गठन</u> : (१) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, स्तरोन्नति र स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न मापदण्ड तोक्ने तथा तोकिएको मापदण्ड अनुरूप सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरी सिफारिस गर्न स्वास्थ्य प्राविधिक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने स्वास्थ्य प्राविधिक समितिमा देहायका सदस्य रहनेछन्ः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, योजना अनुगमन तथा नियमन हेर्ने शाखा, स्वास्थ्य निर्देशनालय | संयोजक |
| (ख) | प्रतिनिधि, चिकित्सक सेवा तथा रोग नियन्त्रण हेर्ने शाखा | सदस्य |
| (ग) | प्रतिनिधि, आयुर्वेद तथा विविध चिकित्सा हेर्ने शाखा, स्वास्थ्य निर्देशनालय एक जना | सदस्य |
| (घ) | प्रतिनिधि, नर्सिङ सेवा व्यवस्थापन हेर्ने शाखा, स्वास्थ्य निर्देशनालय, एक जना | सदस्य |
| (ङ) | प्रतिनिधि, प्रशासन हेर्ने शाखा, स्वास्थ्य निर्देशनालय, एक जना | सदस्य |
| (च) | प्रतिनिधि, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार हेर्ने शाखा, स्वास्थ्य निर्देशनालय, एक जना | सदस्य |
| (छ) | कानुन अधिकृत, मन्त्रालयले तोकेको एकजना | सदस्य |
| (ज) | मेडिकल ल्याब टेक्नोलोजिष्ट, प्रदेश जनस्वास्थ्य प्रयोगशाला एक जना | सदस्य |
| (झ) | फार्मेसी अधिकृत, मन्त्रालयले तोकेको एक जना | |
| (ञ) | मेडिकल अधिकृत, स्वास्थ्य निर्देशनालय | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठन हुने प्राविधिक समितिमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(५) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थिति भएका बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(७) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) उपदफा (२) बमोजिम गठित समितिले तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३६. स्वास्थ्य प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :-

(क) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विभिन्न मापदण्ड तर्जुमा गरी सिफारिस गर्ने,

(ख) स्वास्थ्य संस्थाको प्रत्यायन र प्रमाणीकरण गर्नको लागि मापदण्ड तर्जुमा गरी सो बमोजिम स्वास्थ्य संस्थाको वर्गीकरण गर्न सिफारिस गर्ने,

(ग) प्रत्यायन तथा प्रमाणीकरण मापदण्ड बमोजिम सेवा प्रवाह भए नभएको मूल्याङ्कन गरी सिफारिस गर्ने,

(घ) जनस्वास्थ्यका विभिन्न विषयसँग सम्बन्धित नीति, योजना, कार्ययोजना, मापदण्ड लगायत समकालीन तथा दीर्घकालीन समाधान तथा रणनीति तर्जुमा गरी मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र दिगो व्यवस्थापन गर्न तथा स्वास्थ्य प्रणालीमा नवीनतम विकासलाई संस्थागत गर्न आवश्यक प्राविधिक सल्लाह सुझाव तथा योजना तर्जुमा गरी मन्त्रालयलाई सिफारिस गर्ने,

(च) समितिमा प्राप्त उजुरी उपर छानबिन गरी न्यूनतम मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाको सेवा आंशिक वा पूर्ण रूपमा बन्द गर्न मन्त्रालयलाई सिफारिस गर्ने र

(छ) मन्त्रालयले तोकेको अन्य प्राविधिक कार्यहरू गर्ने ।

## परिच्छेद-५

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य

३७. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवा : (१) मन्त्रालयले संविधान प्रदत्त महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न र प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनको लागि आवश्यक नीति एवं रणनीति तयार गरी लागु गर्नेछ ।

(२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको प्रयोजनका लागि प्रदेश कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम विनियोजित रकमबाट आर्थिक रूपले अति बिपन्न महिलाको मातृत्व तथा प्रजनन् स्वास्थ्यका लागि तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

(४) प्रदेश, जिल्ला र स्थानीय तहमा प्रजनन् स्वास्थ्य समन्वय समिति गठन, काम, कर्तव्य तथा अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(५) मन्त्रालयले यस प्रदेशको मातृत्व तथा प्रजनन् स्वास्थ्य सुदृढीकरणको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

३८. लैङ्गिक हिंसामा आधारित स्वास्थ्य सम्बन्धी व्यवस्था :(१) मन्त्रालयले लैङ्गिक हिंसामा आधारित स्वास्थ्य शिक्षा, सूचना तथा परामर्श लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा मन्त्रालय मातहतका सरकारी स्वास्थ्य संस्था मार्फत् तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद-६

## पोषण र खोप सेवा सम्बन्धी व्यवस्था

३९. स्तनपान प्रवर्धन, संरक्षण र संवर्द्धन : (१) बच्चा जन्मेदेखि छ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ ।

(२) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई निरुत्साहन गर्न मन्त्रालयले प्रचलित कानुन बमोजिम आवश्यक नियन्त्रणको व्यवस्था लागु गर्नेछ ।

(३) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रयोग गर्नु हुँदैन र सोसँग सम्बन्धित उत्पादक, वितरक वा अन्य व्यक्तिले छापा वा विद्युतीय माध्यमबाट कुनै पनि विज्ञापन वा प्रायोजन गर्न हुँदैन ।

(४) बाल आहार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) सार्वजनिक एवं सरकारी, गैरसरकारी संघ संस्थाहरूको कार्यस्थलमा स्तनपान कक्षको व्यवस्थापन गर्नु पर्नेछ ।

४०. <u>गुणस्तर कायम गर्नुपर्ने</u> : (१) कुनै पनि प्रकृतिका खाद्य पदार्थ, खानेपानी वा औषधिजन्य लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्री वितरणमा तोकिए बमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम नगरी बिक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर परेमा सोको क्षतिपूर्ति प्रचलित कानुन बमोजिम स्वदेशी उत्पादकका हकमा उत्पादक र बिक्रेता दुबैले र विदेशी उत्पादकका हकमा बिक्रेताले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गुणस्तर तथा मापदण्ड कायम भए नभएको सम्बन्धमा मन्त्रालयले तोकेको निकायले अनुगमन गर्नेछ ।

४१. <u>सुक्ष्म पोषण सम्बन्धी व्यवस्था</u> : (१) मन्त्रालयले आयोडिन, आइरन, फोलिक एसिड, दूग्धबर्धक आयुर्वेदिक औषधि, भिटामिन लगायतका स्वास्थ्यका लागि आवश्यक पर्ने सुक्ष्म पोषण तत्व सम्बन्धित खाद्यान्नमा सम्मिश्रण गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्य गर्न सम्बन्धित उत्पादक वा वितरक र स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

(३) सुक्ष्म पोषण तथा एकीकृत पोषण कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. <u>खोप सेवा प्रदान गर्नुपर्ने</u> : (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका तथा महिला लगायतका व्यक्तिको रुग्णतादर वा मृत्युदर घटाउन तथा खोप सेवाको गुणस्तर वृद्धि र विस्तार गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको खोप सेवा तोकिएका स्वास्थ्य संस्थामार्फत् नि:शुल्क उपलब्ध गराउनेछ ।

(३) कुनै खोपको शुल्क लिनुपर्ने भएमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) पूर्ण खोप घोषणा, सुनिश्चतता र खोप सेवा सुदृढीकरणको लागि मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

४३. <u>खोप सञ्चालनमा अवरोध गर्न नहुने</u> : कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कुनै कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुँदैन ।

४४. <u>अनुमति लिनुपर्ने</u> : (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक, सहकारी, स्वास्थ्य संस्थाले मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको निकायमा नियमित रूपले प्रतिवेदन पेस गर्नु पर्नेछ ।

४५. <u>खोप कोष</u> : (१) खोप सम्बन्धी कार्यको प्रवर्धनको लागि खोप कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, वित्तिय सहकारी वा अन्य संस्थाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारको अनुमति बमोजिम अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम, र

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको रकम “क” वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) खोप कोष सञ्चालन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. सहयोग तथा समन्वय गर्नुपर्ने : (१) खोप सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

(२) मन्त्रालयले खोप सेवा सञ्चालन गर्दा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ ।

## परिच्छेद-७

## रगत, रक्तजन्य पदार्थको प्रयोग तथा मानव अङ्ग प्रत्यारोपण

४७. रक्त सञ्चार सेवा : (१) मन्त्रालयले इजाजतपत्र दिएको संस्थाले मात्र रक्त सञ्चार सेवा प्रदान गर्न पाउनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त संस्थाले इजाजतपत्रको अधीनमा रही रक्त सञ्चार सेवा प्रदान गर्नका लागि तोकिएको मापदण्ड पूरा गरी विभिन्न स्थानमा इकाईहरू खडा गरी रक्त सञ्चार सेवा वा सोसँग सम्बन्धित अन्य सेवा प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम रक्त सञ्चार सेवा प्रदान गर्ने संस्थाले सेवाग्राहीलाई कुनै प्रकारको सङ्क्रमण नभएको रगत मात्र उपलब्ध गराउनु पर्नेछ ।

(४) रगतजन्य पदार्थको प्रदेशस्तरीय गुणस्तरीय प्रयोगशाला जाँच, निदान तथा भण्डारण सम्बन्धी आवश्यक व्यवस्थापन गर्नेछ ।

(५) यस दफा बमोजिम इजाजतपत्र दिने तथा नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. मानव अङ्गको प्रत्यारोपण र प्रयोग : मानव अङ्गको प्रत्यारोपण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

४९. शवपरीक्षण र व्यवस्थापन गर्ने : (१) प्रचलित कानुन बमोजिम परीक्षण गर्न अख्तियार प्राप्त चिकित्सकले तोकिए बमोजिम शवपरीक्षण गर्नु पर्नेछ ।

(२) शवपरीक्षण पश्चात् बेवारिसे वा पारिवारिक स्वेच्छाले शवलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी चिकित्साशास्त्र विषय अध्ययनको लागि सदुपयोग गर्न सकिनेछ ।

५०. एम्बुलेन्स र शववाहनको व्यवस्था गर्नुपर्ने : (१) मन्त्रालयले तोके बमोजिमका स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्डमा रही एम्बुलेन्स र शववाहनको सेवा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

(२) एम्बुलेन्स र शववाहनको सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. मानव मृत्युका कारणहरू पहिचान : स्वास्थ्य संस्थामा उपचार लिइरहेको अवस्थामा कसैको मृत्यु भएमा मृत्युको कारण पहिचान गर्न तोकिए बमोजिम परीक्षण गरिनेछ ।

## परिच्छेद-८

## स्वास्थ्य प्रवर्धन, संरक्षण र सुधारका लागि सामाजिक, सांस्कृतिक तथा वातावरणीय व्यवस्थापन

५२. उपभोग्य वस्तुको गुणस्तरः (१) जनस्वास्थ्यका लागि खाद्यान्न, मासु, फलफूल, तरकारी र पानी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरण गर्दा तोकिए बमोजिम गुणस्तर तथा मापदण्ड कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड तोके बमोजिम हुनेछ ।

(३) उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा विक्री वितरणमा गुणस्तर भए नभएको अनुगमन तोकिएको निकायबाट गरिनेछ ।

(४) उपदफा (३) बमोजिम गुणस्तर कायम नभएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि सिफारिस गरिनेछ ।

५३. वातावरण, ध्वनि र वायु प्रदूषण : ध्वनि, वायु, जल, दृश्य तथा वातावरण प्रदूषण तथा जलवायु परिवर्तनले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न तथा प्रचलित कानुन र प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको पालना गर्नु प्रदेश, स्थानीय तह, आम नागरिक, उद्योगी, व्यवसायी तथा संघसंस्थाको कर्तव्य हुनेछ ।

५४. सरसफाइ तथा फोहोरमैला र मलमूत्र व्यवस्थापन : (१) मानव स्वास्थ्यमा संक्रमण हुन नदिन तथा वातावरणीय स्वच्छताका लागि फोहोरमैला तथा मानव मलमूत्रको व्यवस्थापन सम्बन्धी प्रदेश सरकारले प्रदेश फोहरमैला तथा मलमूत्र व्यवस्थापन नीति बनाइ लागु गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारद्वारा लागु गरिएको नीतिको पालना प्रत्येक व्यक्तिले गर्नु पर्नेछ ।

(३) वातावरणीय सरसफाइ तथा फोहरमैला व्यवस्थापन तोके बमोजिम गर्नु पर्नेछ ।

(४) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनको लागि आवश्यक मापदण्ड बनाइनेछ ।

(५) सार्वजनिक सेवा प्रदायक, होटेल, रेस्टुरेन्ट, अस्पताल, क्लिनिक, उद्योग तथा व्यवसाय र संघ संस्थाहरूले सरसफाइ तथा फोहोरमैला व्यवस्थापन तोकिएको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

(६) प्लास्टिकजन्य पदार्थ तोकिए बमोजिमको मैक्रोनभन्दा बढीको बिक्रीवितरण तथा उपयोग गर्न पाइने छैन ।

(७) प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदायकलाई र सेवाग्राहीलाई तोकिएको मापदण्ड बमोजिमको स्वच्छ खानेपानी र सफा एवं सुरक्षित तवरले व्यवस्थापन गरिएको शौचालय उपलब्ध गराउनु पर्नेछ ।

(८) स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, शौचालय र फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. स्वास्थ्य मैत्री आवास, सार्वजनिक यातायात र सडक पूर्वाधार तथा सुरक्षा : (१) आवास क्षेत्रको निर्माण गर्दा मानव स्वास्थ्य मैत्री हुने गरी तोकेको मापदण्ड र गुणस्तर कायम गर्नु पर्नेछ ।

(२) सडक पूर्वाधार निर्माण तथा सुधार गर्दा अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री र स्वास्थ्य प्रवर्धनलाई ध्यानमा राखी पूर्वाधार निर्माण गर्नु पर्नेछ ।

(३) सडकहरूमा पैदल हिड्ने फुटपाथ, हरित पेटी तथा साइकल लेन, पर्याप्त खेलमैदान, मनोरञ्जन स्थल पार्क, निश्चित दुरीमा बिश्राम वा व्यायम स्थल र सार्वजनिक शौचालय, स्वास्थ्य प्रवर्धन केन्द्र वा स्वास्थ्य जीवनशैली केन्द्र, ब्यायाम केन्द्र, योग केन्द्र, स्वास्थ्य जाँच तथा प्राथमिक उपचारको व्यवस्था गर्न सकिनेछ ।

(४) सडक तथा यातायात सेवालाई व्यवस्थित गर्न, सडक दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न र तत्काल उद्दार, उपचार तथा ट्रमा केन्द्र सम्बन्धी व्यवस्थाका लागि प्रदेश सरकारले जनमैत्री स्वास्थ्य सडक नीति तथा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

(५) सार्वजनिक यातायात सञ्चालन गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी वातावरणमैत्री तथा स्वास्थ्यमैत्री (जेष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गमैत्री) बनाउन प्रदेश सरकारले आवश्यक मापदण्ड तोकी कार्यान्वयन गर्न गराउन सक्नेछ ।

५६. उद्योग व्यवसाय, आयोजना र सहरीकरण : (१) जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावको पहिचान गरी रोकथाम गर्न र जोखिम न्यूनीकरण गर्न तोकिएका उद्योग व्यवसाय तथा आयोजनाको सञ्चालन गर्न पूर्व स्वीकृत लिनुअघि वातावरणीय तथा स्वास्थ्य प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको वातावारणीय तथा स्वास्थ्य प्रभाव मूल्याङ्कनको मापदण्ड, संयन्त्र र तहगत कार्यक्षेत्र संघीय कानुन तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) कुनै उद्योग, व्यवसाय तथा आयोजनाले उचित प्रकारले फोहोर व्यवस्थापन नगरी कुनै प्रकारको विकीरण, रसायन लगायत उत्सर्जित पदार्थका कारण मानव स्वास्थ्य तथा पशुपन्छी लगायत अन्यमा प्रतिकूल असर

पारी क्षति भएको खण्डमा सोको उचित क्षतिपूर्तिको व्यवस्था सम्बन्धित उद्योगी, व्यवसायी तथा आयोजनाले गर्नु पर्नेछ।

५७. जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षा : (१) जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षाका लागि सम्बन्धित रोजगारदाताले प्रचलित कानुन बमोजिमका सुरक्षा उपायहरू अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका जोखिमयुक्त क्षेत्रमा कार्य गर्ने कामदारहरूको रोजगारदाताले नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार लगायत स्वास्थ्य प्रवर्द्धनात्मक सेवाको व्यवस्था र प्रचलित कानुन बमोजिम सो सम्बन्धी अन्य सेवा प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जोखिमयुक्त कार्यस्थलमा कामदार तथा कर्मचारीको औजार, उपकरण वा अन्य कुनै सामग्रीको प्रयोगको कारण गम्भीर संक्रमण भएमा, घाइते भएमा तथा मृत्यु भएमा सम्बन्धित रोजगारदाताले स्वास्थ्य उपचार तथा उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको जोखिमयुक्त कार्यस्थलमा काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारी वा कामदारलाई सम्बन्धित रोजगारदाताले तोके बमोजिमको जोखिम भत्ता उपलब्ध गराउनु पर्नेछ ।

५८. सामाजिक, साँस्कृतिक अन्धविश्वास, कुरीतिमा निरुत्साहन : जनस्वास्थ्यमा असर पार्ने सामाजिक तथा सांस्कृतिक अन्धविश्वास लगायत अन्य स्वास्थ्यका कारक तत्वहरूलाई नियन्त्रण तथा निरुत्साहन गर्न प्रदेश सरकारले आवश्यक मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

५९. सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम : (१) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका ब्यक्ति र प्रदेश सरकारले तोकेका अन्य लक्षित समूहरूका लागि बिमामा लगायत विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तह र प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लक्षित समूहका लागि दिइने अन्य स्वास्थ्य सेवा सुविधा तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रदेशभित्रका सम्पूर्ण जनप्रतिनिधिहरू, सरकारी तथा गैरसकारी, सामुदायिक तथा निजी संघ संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई अनिवार्य स्वास्थ्य बिमाको पहुँचमा ल्याउन र बिमित अस्पताल तथा स्वास्थ्य संस्थाहरूको विस्तार, स्तरोन्नति र सेवाको गुणस्तरीयता बढाउने सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

६०. विद्यालय स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा : (१) बालबालिकाहरूको स्वास्थ्य प्रवर्धन गर्न, किशोर किशोरीको प्रजनन् स्वास्थ्य, सरसफाइ तथा अन्य स्वास्थ्य सम्बन्धी सेवा प्रबाह गर्न, स्वास्थ्य शिक्षा, स्वस्थ जीवनशैली, व्यवहार परिवर्तन तथा मनोपरामर्श सेवा प्रदान गर्न स्थानीय तह र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालय स्वास्थ्य प्रवर्धनकर्मीको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएकका स्वास्थ्य प्रवर्धनकर्मीको काम, कर्तव्य, अधिकार, नियुक्ति र सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम सेवा सञ्चालन गर्न प्रत्येक विद्यालयमा कम्तीमा एकजना नर्सिङ लगायत स्वास्थ्य प्रवर्धनकर्मीको व्यवस्थापन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

(४) विद्यालय स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१. सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ती सेवन गर्न नहुने : (१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्न पाउने छैन ।

(२) व्यवस्थापनले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धुम्रपान, मदिरा तथा सुर्ती सेवन गर्न नपाउने सूचना सबैले देख्ने र थाहा पाउने गरी सूचना टाँस गर्नु पर्नेछ ।

६२. <u>सुर्तीजन्य पदार्थको उत्पादन, विज्ञापन तथा बिक्रीवितरण</u> : (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा बाहिरी खोल (र्‍यापर्स) को बनावट, बिक्री वितरण, सुर्तीजन्य पदार्थको प्रवर्धन तथा विज्ञापन, प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइने छैन र सो सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) धुम्रपान तथा सुर्तीजन्य पदार्थको अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कसैले पनि अठार वर्ष नपुगेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

६३. <u>मदिरा उत्पादन, विज्ञापन तथा बिक्री वितरण</u> : (१) कसैले पनि मानव स्वास्थ्यलाई प्रतिकूल हुने गरी मदिरा तथा मदिराजन्य उत्पादन, बिक्री वितरण तथा सम्बन्धित मदिराको विज्ञापन, प्रचारप्रसार गर्न पाइने छैन ।

(२) प्रदेश सरकारले मदिरा नियन्त्रण गर्न तथा बिक्री वितरणलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

६४. <u>बसाइसराइ र स्वास्थ्य सेवा व्यवस्थापन</u> : सबै नागरिकको स्वास्थ्य सेवामा सहज पहुँचलाई सुनिश्चित गर्न मौसमी बसाइसराइलाई मध्यनजर गर्दै मन्त्रालयले सम्बन्धित स्थानीय तहको सहकार्यमा अल्पकालीन बसाइसराइ गरी आएका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँचलाई सुनिश्चित गर्नेछ।

६५. <u>ज्येष्ठ नागरिक स्वास्थ्य सेवा</u>: (१) ज्येष्ठ नागरिकहरूको स्वास्थ्य प्रवर्धन गर्न स्वास्थ्य सम्बन्धी परामर्श, उपचार, पुनर्स्थापना, प्रसामक तथा संरक्षण सेवाको आवश्यक व्यवस्थापन तथा उपलब्धता गर्न सम्बन्धी व्यवस्था मन्त्रालयले आवश्यक मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह हुने सेवालाई थप प्रभावकारी गुणस्तरीय र ज्येष्ठ नागरिकमैत्री सेवाका रूपमा सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक मापदण्ड बनाइ व्यवस्थित गर्नेछ।

६६. <u>स्वास्थ्य प्रवर्धन अभियान, स्वास्थ्य पर्यटन</u> : (१) मन्त्रालयले स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माण गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न सरकारी, गैरसरकारी, सामुदायिक सहकारी तथा निजी संघ संस्थाहरूसँग सहकार्य तथा समन्वय गरी स्वास्थ्य प्रवर्धन अभियान तोके बमोजिम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रदेशको स्वास्थ्य सेवालाई जनमुखी, गुणस्तरयुक्त बनाइ प्रदेशको आर्थिक विकास गर्न तथा मानव विकास सूचकाङ्कलाई थप वृद्धि गर्न प्रदेशको स्वास्थ्य पर्यटन, स्वास्थ्य महोत्सव सम्बन्धी विशेष कार्यक्रम तोकिए बमोजिम सञ्चालन गर्न सक्नेछ ।

(३) स्वास्थ्य प्रवर्धन सेवालाई सम्पूर्ण स्थानीय तहमा पुर्‍याउने गरी स्थानीय तह तथा अन्य सरोकावालाहरूसँग समन्वय गरी विस्तार गरिनेछ ।

(४) दफा ५२ देखि दफा ६६ सम्म भएको व्यवस्था लगायत सेवा तथा समग्र प्रदेश स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्न मन्त्रालयले स्वास्थ्य प्रवर्धन सम्बन्धी आवश्यक रणनीति तथा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

## परिच्छेद-९

## <u>नसर्ने रोग तथा मानसिक स्वास्थ्य र सरुवा रोग सम्बन्धी व्यवस्था</u>

६७. <u>नसर्ने रोगको रोकथाम</u> : (१) नसर्ने रोगको र सरुवा रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्न र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ ।

(२) नसर्ने रोग र सरुवा रोग सम्बन्धी प्रदेशस्तरीय विशेष प्याकेजको निर्माण गरी स्वास्थ्य प्रवर्धन सेवाहरू प्रदेश तथा स्थानीय तहमा प्रवाह गरी नसर्ने रोग र सरुवा रोग सम्बन्धी स्वास्थ्य शिक्षा लगायत प्रवर्धनात्मक सेवा प्रवाह गर्न, रोकथाम गर्न तथा अनुगमन, निरीक्षण र सहजीकरण गर्नका लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाइ सामुदायिक स्वास्थ्य प्रवर्द्धक परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयावधिका लागि खटिएका जनशक्तिको व्यवस्थापन, काम र कर्तव्य लगायत व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) नसर्ने रोगको र सरुवा रोगको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमको हुनेछ ।

६८. मानसिक स्वास्थ्य : (१) मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सम्बन्धमा मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्दा कुनै पनि स्वास्थ्य संस्थाले भेदभाव गर्नु हुँदैन ।

(३) मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई मानवीय व्यवहार गर्नु पर्नेछ।

(४) कडा खालको मानसिक रोग लागेको व्यक्तिलाई उपचार, पुर्नस्थापनात्मक र प्रसामक सेवाको लागि स्वास्थ्य संस्थामा लैजाने दायित्व सम्बन्धित परिवार वा संरक्षकमा हुनेछ ।

(५) कडा खालको मानसिक रोग लागेका बेवारिसे र असहाय व्यक्तिको उपचार तथा संरक्षणका लागि प्रदेश सरकारले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(६) मानसिक स्वास्थ्य समस्याको उपचार तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा

६९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्थाः (१) आयुर्वेद, योग, युनानी, आम्ची होमियोप्याथिक, प्राकृतिक चिकित्सा, सिद्ध चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा तथा सम्बन्धित शिक्षण संस्था सम्बन्धी दर्ता अनुमति, कार्यान्वयन, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) गुणस्तरीय आयुर्वेद औषधि उत्पादन तथा प्रशोधन सम्बन्धी व्यवस्था आयुर्वेद औषधि संहिताले तोके बमोजिम हुनेछ ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई सम्पूर्ण स्थानीय तहमा पुऱ्याउने गरी स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी विस्तार गरिनेछ ।

(४) नसर्ने रोग र सरुवा रोग तथा दीर्घ रोग नियन्त्रण र बढ्दो तनाब व्यवस्थापनको आयुर्वेदका विशिष्टीकृत चिकित्सा पद्धति, योग, पूर्वकर्म/पञ्चकर्म, रसायन चिकित्सा र स्वस्थ जीवनशैली परामर्श सेवा प्रदान गर्न सकिनेछ।

(५) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई स्वास्थ्य सेवासँग एकीकृत रूपमा सेवा प्रवाह गर्न स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरिनेछ।

(६) आयुर्वेद स्वास्थ्य सेवा तथा वैकल्पिक चिकित्सा लगायत सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## स्वास्थ्य अध्ययन अनुसन्धान

७०. स्वास्थ्य अध्ययन अनुसन्धानः (१) मन्त्रालयले स्वास्थ्यको समग्र विकासको लागि अध्ययन तथा अनुसन्धान गर्न गराउन प्रदेशस्तरीय स्वास्थ्य अनुसन्धान परिषद् स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को गठन, सञ्चालन, व्यवस्थापन, काम कर्तव्य, अधिकार, सेवा सर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

७१. <u>प्रयोगात्मक अनुसन्धानको लागि स्वास्थ्य सेवाः</u> (१) कुनै पनि व्यक्ति वा संस्थाले सेवाग्राहीलाई प्रयोगात्मक वा अनुसन्धानको प्रयोजनको लागि स्वास्थ्य सेवा उपलब्ध गराउनु अघि सोको जानकारी सम्बन्धित सेवाग्राहीलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा सेवाग्राहीबाट प्रारम्भिक स्वास्थ्य उपचार प्रदान गर्ने सेवा प्रदायकले लिखित मञ्जुरीनामा लिनु पर्नेछ ।

(३) कुनै व्यक्ति वा संस्थाले स्वास्थ्य सम्बन्धी विषयमा अनुसन्धान गर्न चाहेमा तोकिएको मापदण्ड बमोजिम अध्ययन अनुसन्धान गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## <u>एक स्वास्थ्य (वन हेल्थ), जनस्वास्थ्य निगरानी (सर्भिलेन्स) र विपद्मा स्वास्थ्य व्यवस्थापन</u>

७२. <u>एक स्वास्थ्य पद्धति अवलम्बन गर्ने</u> : (१) औषधि, खानेपानी तथा खाद्य स्वच्छता, वन, वातावरण, प्रविधि तथा विज्ञान, कृषि, पशुपन्छी स्वास्थ्य लगायतका क्षेत्र एवं मानव स्वास्थ्य बिचको अन्तरसम्बन्धलाई मानव मैत्री व्यवस्थित गर्न मन्त्रालयले एक स्वास्थ्य पद्धति अवलम्बन गर्नेछ ।

(२) एक स्वास्थ्य अवधारणा लागु गर्न मन्त्रालयले स्वास्थ्य, शिक्षा, कृषि, वन, पशुपन्छी, औषधि तथा खाद्य, खानेपानी, सरसफाइ, सडक, यातायात तथा भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रहरूको समन्वयमा प्रचलित नीति, नियम र मापदण्ड अनुरूप नेपाल सरकार र स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ ।

७३. <u>औषधिको समुचित प्रयोग, प्रतिशुक्ष्म जीवाणु प्रतिरोध (एन्टी मैक्रोबियल रेसिस्टेन्स) र विषादी</u> : (१) औषधिको समुचित प्रयोग, प्रेस्काइब तथा बिक्रीवितरण कार्य समुचित र प्रभावकारी रूपमा व्यवस्थापन गर्नु प्रेस्क्रिप्सन गर्ने चिकित्सक, औषधि उत्पादक तथा बिक्रेता र उपयोगकर्ताको कर्तव्य हुनेछ ।

(२) औषधिको दुरूपयोगले गर्दा देखा पर्ने प्रतिशुक्ष्मजीवाणु प्रतिरोध (एन्टी मैक्रोबियल रेसिस्टेन्स) को निदान, नियन्त्रण तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक रणनीति तथा मापदण्ड बनाउनेछ।

(३) औषधि निगरानी (फर्माकोभिजिन्स), औषधिको समुचित प्रयोग भए नभएको अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी व्यवस्थापनका लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाइ मन्त्रालयले लागु गर्न सक्नेछ ।

(४) कृषि उपजमा हानिकारक विषादीको प्रयोग नियन्त्रण गर्न तोकिए बमोजिम व्यवस्था गरिनेछ ।

(५) मानव स्वास्थ्यलाई उच्च प्राथमिकता दिई सेवाग्राहीको स्वास्थ्य सम्बन्धी हक सुनिश्चितका लागि आवश्यक व्यवस्था तोकेबमोजिमको हुनेछ ।

७४. <u>जनस्वास्थ्य सर्भिलेन्स सम्बन्धी व्यवस्था</u> : (१) विभिन्न रोग तथा महामारीको अवस्था तथा असर सम्बन्धी अध्ययन, औषधिको दुरूपयोगको निगरानी, खाद्य पदार्थको मिसावट तथा गुणस्तर, विषादीको प्रयोग तथा असर, खानेपानीको जाँच तथा गुणस्तर, दूध तथा दूधजन्य पदार्थको जाँच तथा गुणस्तर, ध्वनि तथा हावा सम्बन्धी गुणस्तर लगायत अध्ययन तथा अनुसन्धान गर्न प्रदेश जनस्वास्थ्य सर्भिलेन्स केन्द्र स्थापना गरी नियमित निरीक्षण, अनुगमन, नियमन तथा निगरानीका लागि तोके बमोजिमको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवालाई विस्तार गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाइ आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(३) खुल्ला सिमानाका कारण भित्रिन सक्ने विभिन्न सर्ने रोग तथा महामारीको नियन्त्रण तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाउनेछ ।

७५. <u>पर्यावरण, जलवायु परिवर्तन तथा विपद्मा स्वास्थ्य व्यवस्थापनः</u> (१) पर्यावरण तथा वातावारणलाई मानव मैत्री बनाइ राख्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।

(२) जलवायु परिवर्तन तथा मानवीय कार्यबाट हुने विपद्को रोकथाम गर्न तथा विपद्मा हुने मानव स्वास्थ्यको सम्वेदनशीलतालाई तत्काल व्यवस्थापन गर्न आवश्यक रणनीति बनाई प्रादेशिक रूपमा द्रुत प्रतिकार्य संयन्त्रको विकास गरी संघ तथा स्थानीय तहसँग समन्वयमा कार्यान्वयन गरिनेछ।

(३) मन्त्रालयले प्रदेश तहको विपद्, महामारी तथा आपतकालीन प्रादेशिक स्वास्थ्य योजना विकास गरी आवश्यक औषधि तथा औषधिजन्य सामग्रीको भण्डारण (बफरस्टक) व्यवस्थापन गरिनेछ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले योजना विकास गर्दा संघीय कानुन बमोजिम निर्धारण गरेका मापदण्ड तथा निर्देशिका अनुरूप हुने गरी गर्नेछ ।

(५) पर्यावरण, जलवायु परिवर्तन र आपतकालीन स्वास्थ्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## अन्य स्वास्थ्य सेवा व्यवस्थापन र सहयोगी कार्यक्रम

७६. स्वास्थ्य आपूर्ति व्यवस्थापन : (१) निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निःशुल्क एवं अत्यावश्यक औषधि तथा स्वास्थ्यसँग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि मन्त्रालयले स्थानीय तहको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ ।

(२) प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूको समन्वयमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निःशुल्क एवं अत्यावश्यक औषधि तथा स्वास्थ्यसँग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि मन्त्रालयले प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ ।

७७. स्वास्थ्य प्रशिक्षण, तथ्यांक, सूचना र सञ्चार : (१) स्वास्थ्य क्षेत्रमा सबल, सक्षम र दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न नवीनतम प्रविधियुक्त स्वास्थ्य प्रशिक्षण सेवा विस्तार गरी एकद्वार प्रणालीलाई व्यवस्थित गर्न मन्त्रालयले आवश्यक प्रदेश स्वास्थ्य प्रशिक्षण रणनीति, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) मन्त्रालयले स्वास्थ्य सम्बन्धी तथ्याङ्कको भण्डारण, सूचना र सञ्चारको वस्तुनिष्ठ, पहुँचयोग्य, भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ र सोको अध्यावधिक गर्नु पर्नेछ ।

७८. स्थानीय तहलाई प्राविधिक सहयोगः (१) मन्त्रालयबाट तोकेको मापदण्ड बमोजिम स्थानीय तहमा सञ्चालित स्वास्थ्य सेवाको नियमित अनुगमन, निरीक्षण, सहजीकरण तथा आवश्यक प्राविधिक सहयोगका लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाइ जनस्वास्थ्य निरीक्षकको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा निश्चित समयको लागि खटाएका प्राविधिक जनशक्तिको व्यवस्थापन, काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।

७९. समन्वय तथा साझेदारी : (१) प्रदेशको समग्र स्वास्थ्य सेवाको विकासका लागि मन्त्रालयले नेपाल सरकारको सहमतिमा प्रचलित कानुन बमोजिम अन्तर्राष्ट्रिय तथा वैदेशिक सहयोग समेत लिन सक्नेछ ।

(२) स्वास्थ्य सेवासँग सम्बन्धित सेवाको लागि सामुदायिक, सहकारी, गैरसरकारी र निजी संघ संस्थाहरूसँग साझेदारी र सहकार्य गर्ने सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक, सहकारी, गैरसरकारी र निजी संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्नु अघि मन्त्रालयको अनुमति लिई तोकिएको मापदण्ड बमोजिम कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-१४

## दण्डसजाय र विविध

८०. दण्डसजाय र अन्य : (१) यस ऐन विपरीत कुनै कसुर गरेमा जनस्वास्थ्य सेवा ऐन, २०७५, सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन, २०६८ र अन्य प्रचलित कानुन अनुसार दण्ड र सजाय हुनेछ ।

(२) यस ऐन बमोजिमको मुद्दा सरकारवादी हुनेछ ।

८१. नियम बनाउने अधिकार : प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

८२. कार्यविधि, निर्देशिका तथा मापदण्ड : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका, रणनीति तथा मापदण्ड बनाउन सक्नेछ ।

८३. प्रदेश सरकारले निर्देशन दिन सक्ने : (१) प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको विकास सम्बन्धमा प्रदेश स्वास्थ्य समितिलाई र समिति मार्फत् अन्य निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नु समिति र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

८४. यस ऐन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

ΨΨΨ